प्रदेश सरकार

लुम्बिनी प्रदेश

# प्रदेश योजना आयोग

मुकामः बुटवल, नेपाल

(दोस्रो पटक प्रकाशित मिति २०७७/१२/०३ )

**पुनः आशयपत्र तथा प्रस्ताब माग गरिएको सम्बन्धी सूचना**

यस आयोगको आ.व.२०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लुम्बिनी प्रदेशमा विकास र वातावरणबीच सन्तुलन हुने अत्युत्तम वन क्षेत्रफल सम्बन्धी अध्ययन अनुसन्धान कार्य परामर्श सेवाबाट गर्नु गराउनको लागि मिति २०७७/११/१६ मा प्रथम पटक प्रकाशित सूचनामा प्रयाप्त आशयपत्र दर्ता हुन नआएकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा ३० तथा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ७१(१)बमोजिम देहायका क्षेत्रमा योग्यता पुगेका ईच्छुक विश्वबिद्यालय, अनुसन्धान संस्था,फर्म, कम्पनी,संघ/संस्थाबाट खरिद नियमावली,२०६४ को नियम ७०(८)बमोजिम मिति २०७७/१२/०९ गते कार्यालय समयभित्र रीतपुर्वकको निवेदन दर्ता गर्नु हुन यो पुनः आशयको सूचना प्रकाशित गरिएको छ ।

**१.आशयपत्र पत्रसाथ निम्नानुसारको कागजातहरुको प्रतिलिपीहरु एक/एक प्रति पेश गर्नु पर्ने छ ।**

क) आशय पेश गर्न चाहेको विषय खुल्ने निवेदन ।

ख) आफ्नो फर्म,संस्था वा कम्पनी दर्ता तथा नविकरण प्रमाण पत्रको प्रतिलिपी ।

ग) मूल्य अभिबृद्धि कर(VAT) मा दर्ता भएको प्रमाणपत्र वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

घ) आ.व.०७६/७७ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

ङ) विगत ५(पाँच) वर्षमा संस्थाबाट सम्पन्न भए गरेको समान प्रकृतिको काम र स्थानको बिस्तृत विवरण।

च) फर्म,संस्था वा कम्पनीको भौतिक सम्पतिको विवरण ।

छ) फर्म,संस्था वा कम्पनीको जनशक्ति विवरण ।

ज) कालो सूचिमा नपरेको व्यहोराको आवेदकको स्वः घोषणापत्र ।

२. उल्लेखित कागजातको आधारमा आशयपत्र पेश गरेका कुनै फर्म,सघं/सस्था वा कम्पनी तथा कुनै सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तोकेको योग्यता पुरा नगरी यस आयोगको खरिद सम्बन्धी कारवाहीमा सहभागी हुन पाउने छैन ।

३. समय सीमा भित्र रीतपुर्वकको आशयपत्र पेश गर्दा विश्वबिद्यालय, अनुसन्धान संस्था, फर्म, संघ/संस्था, वा कम्पनीले आशयपत्र साथ प्राबिधिक र आर्थिक प्रस्ताब छुट्टाछुट्टै खामबन्दी गरी पेश गर्नुपर्नेछ ।

४.अनुसन्धान कार्यका लागि विश्वविद्यालय, अनुसन्धान संस्थाहरुको हकमा बुँदा न. १ को (ख) देखि (झ) सम्मको बुदाहरु आकर्षित हुने छैन ।

५. छनौट प्रकृया कारण देखाई वा नदेखाई कुनै पनि समय रद्द गर्न सकिनेछ।

६. यस सूचनामा नपरेका अन्य बिषयका हकमा सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित आर्थिक प्रशासन सम्बन्धी ऐन कानुन बमोजिम हुनेछ ।

७. उल्लेखित कार्यक्रमको लागत अनुमान भ्याट सहित रु १७०००००।—( अक्षररुपी सत्र लाख मात्र )

नोट :- निवेदन दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट दर्ता गरिनेछ । ढिला गरी प्राप्त भएका र रीत नपुगेका निवेदन उपर कुनैपनि कारवाही गरिने छैन ।